नर्क इच्छा तथा आकंक्षाहरूले घेरिएको छ भने स्वर्ग अप्रिय चीजहरूले घेरिएको छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नु भयो : "नर्क इच्छा तथा आकंक्षाहरूले घेरिएको छ भने स्वर्ग अप्रिय चीजहरूले घेरिएको छ ।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले नरक आत्मालाई प्रलोभनमा पार्ने चीजहरूले घेरिएको भनी बताउनुभाएको छ, जस्तै निषेधित(हराम) कार्यहरू गर्नु र अनिवार्य रुपमा गरिने कर्महरु लाई बेवास्ता गर्नु आदि; त्यसैले, जसले आफ्नो मनलाई कामनाको पछि डोर्याउन्छ, त्यो नरकमा जानेछ । त्यस्तै स्वर्ग मन नपर्ने कुराहरूले घेरिएको छ, जस्तै अल्लाहको आदेशलाई कडाईका साथ पालन गर्नु, हराम गतिविधिबाट टाढा रहनु र यसमा अडिग रहँदा आउने हरेक समस्याको सामना गर्नु । जब कसैले आफूलाई यी कुराहरू गर्न बाध्य पार्छ, र आफ्नै आकाङ्क्षाविरुद्ध संघर्ष गर्छ भने, ऊ स्वर्गको हकदार बन्दछ ।

http://sunnah.global/hadeeth/ne/show/3702